# लोक सेवा आयोग

## अप्राविधिक तर्फका विभिन्न सेवा/समूह, राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरह पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/१/२६

**Key ( D )**

समय: ४५ मिनेट | पत्र: प्रथम | पूर्णाङ्क: १००

**विषय: सामान्य ज्ञान तथा आधारभुत कार्यालय सीप परीक्षण**

वस्तुगत बहुवैकल्पिक (५० प्रश्न × २ अंक = १०० अंक)

> उत्तरपुस्तिकामा प्रश्नपत्रको Key अनिवार्य रूपले उल्लेख गर्नुपर्नेछ । Key उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । साथै, परीक्षामा Calculator, Mobile जस्ता विद्युतीय उपकरणहरू प्रयोग गर्न पाइने छैन ।

1. दिगो विकासका 17 बटा लक्ष्यमध्ये Goal 5 केसँग सम्बन्धित छ ?
   (A) Gender Equality
   (B) Quality Education
   (C) Zero Hunger
   (D) Affordable and Clean Energy

2. तल दिइएका भनाई सही वा गलत के छन् ? छुट्याउनुहोस् ।
   (I) DPT खोप भ्यागुते रोग, धनुष्टङ्कार र लहरे खोकी विरुद्ध दिइने खोप हो ।
   (II) BCG खोप बच्चा जन्मेको 1 वर्ष भित्र दिइन्छ ।
   (III) पक्षघातबाट बचाउन बच्चालाई पोलियो खोप दिइन्छ ।
   (IV) बिफर रोग लिसा भाइरस (Lissa Virus) को कारण लाग्दछ ।
   (A) I र II ठीक, III र IV बेठीक
   (B) I, II, III ठीक, IV बेठीक
   (C) II, III, IV ठीक, I बेठीक
   (D) I, II, III, IV सबै ठीक

3. कुन भिटामिनको कमिले गर्दा मानिसमा रिकेट्स रोग लाग्दछ ?
   (A) भिटामिन A
   (B) भिटामिन B
   (C) भिटामिन C
   (D) भिटामिन D

4. तलको भनाई अध्ययन गरी विकल्पबाट सही उत्तर छान्नुहोस् ।
   (I) बर्डफ्लु जनावरबाट मानिसमा सर्ने रोग हो ।
   (II) स्वाइनफ्लु श्वास-प्रश्वास सम्बन्धी रोग हो ।
   (III) बर्डफ्लु सर्वप्रथम कम्बोडियामा देखा परेको थियो ।
   (A) I ठीक, II र III बेठीक
   (B) I बेठीक, II र III ठीक
   (C) I र II ठीक, III बेठीक
   (D) I र III बेठीक, II ठीक

5. तलका मध्ये कुन चाहिं सार्क संगठनका उद्देश्यहरू हुन् ?
   (i) आर्थिक वृद्धि प्रवर्द्धन
   (ii) सांस्कृतिक सहयोग अभिवृद्धि
   (iii) आतङ्कवाद विरुद्ध सैन्य सहयोग
   (A) i र ii
   (B) ii र iii
   (C) i र iii
   (D) i, ii र iii सबै

6. नेपालले हालसम्म कतिवटा T20 विश्वकप क्रिकेट प्रतियोगितामा सहभागिता जनाएको छ ?
   (A) 2
   (B) 3
   (C) 4
   (D) 5

7. विश्व विख्यात दार्शनिक सुकरात (Socrats) को जन्म कुन देशमा भएको हो ?
   (A) रुस
   (B) अमेरिका
   (C) जर्मनी
   (D) ग्रीक

8. European Union का सम्बन्धमा देहायका मध्ये कुन भनाई सत्य <u>होइन</u> ?
   (A) राजधानी बेल्जियममा रहेको छ
   (B) 31 राष्ट्र सदस्य छन्
   (C) बेलायत यसको सदस्य होइन
   (D) स्पेन यसको सदस्य हो

क्रमशः

MIRAS ACADEMY
Scanned with CamScanner

9. तल दिइएका मध्ये जनसंख्याको आधारमा ठूलो देखि सानो सार्क राष्ट्रको क्रम कुन सही छ ?
(A) पाकिस्तान, बंगलादेश, नेपाल, अफगानिस्तान (B) पाकिस्तान, बंगलादेश, अफगानिस्तान, नेपाल
(C) बंगलादेश, पाकिस्तान, नेपाल, अफगानिस्तान (D) अफगानिस्तान, पाकिस्तान, बंगलादेश, नेपाल

10. दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संगठन (ASIAN) को स्थापना कहिले भएको हो ?
(A) सन् 1967 अगस्ट 8 (B) सन् 1976 अगस्ट 8 (C) सन् 1977 अगस्ट 8 (D) सन् 1987 अगस्ट 8

11. विश्वका पर्वत शृङ्खलाहरूको सम्बन्धमा जोडा मिलाई सही उत्तर छान्नुहोस् ।

| समूह I | समूह II |
|---|---|
| a) विश्वको सबैभन्दा लामो पर्वतमाला | 1. माउन्ट किलिमन्जरो |
| b) अफ्रिका महादेशको सर्वोच्च शिखर | 2. एण्डिज |
| c) मनास्लु हिमालको उचाई | 3. 8586 मिटर |
| d) कञ्चनजङ्घा हिमालको उचाई | 4. 8163 मिटर |

(A) a-2, b-1, c-3, d-4 (B) a-4, b-3, c-2, d-1 (C) a-2, b-1, c-4, d-3 (D) a-1, b-2, c-3, d-4

12. नेपालको प्रामाणिक समय अनुसार नेपालमा बिहानको 9:15 बज्दा सार्क राष्ट्रहरूमा हुने समय फरकका आधारमा तलका मध्ये के/कुन समय सही हुन्छ ?
(I) भारतमा बिहानको 9:30 बज्छ (II) श्रीलंकामा बिहानको 9:00 बज्छ
(III) पाकिस्तानमा रातको 8:30 बज्छ (IV) अफगानिस्तानमा रातको 8:00 बज्छ
(A) I र II सही छन् (B) II मात्र सही छ (C) I, II र IV सही छन् (D) III र IV सही छन्

13. क्षेत्रफल तथा जनसंख्याका हिसाबले दक्षिण अमेरिका महादेशको सबैभन्दा ठूलो राष्ट्र कुन हो ?
(A) भेनेजुएला (B) अर्जेन्टिना (C) चिली (D) ब्राजिल

14. द्वितीय विश्वयुद्धका समयमा Axis Power अन्तर्गत रहेको राष्ट्र इटालीका शासक को थिए ?
(A) एडोल्फ हिटलर (B) अर्कड्युक फर्डिनेन्ड (C) बेनिटो मुसोलिनी (D) ह्यारी टुम्यान

15. जीवहरूको उत्पत्तिको आधारमा पृथ्वीको भौगोलिक इतिहासलाई इओन (Eon), इरा (Era), पिरियड (Period) र इपोक (Epoch) गरी चार भागमा बाडिएको छ । जसमध्ये सबैभन्दा ठूलो भाग कुन हो ?
(A) Eon (B) Era (C) Period (D) Epoch

16. तल दिइएका नदीहरू र तिनका उत्पत्ति स्थलहरू बीच जोडा मिलाउनुहोस् ।

| नदीहरू | उत्पत्ति स्थल |
|---|---|
| 1) सानो भेरी | a. अन्नपूर्ण हिमाल |
| 2) बुढीगण्डकी | b. गोसाँइकुण्ड |
| 3) त्रिशुली | c. धौलागिरी हिमाल |
| 4) मोदी | d. गणेश हिमाल |

(A) 1-c, 2-d, 3-b, 4-a (B) 1-c, 2-b, 3-d, 4-a (C) 1-a, 2-c, 3-d, 4-b (D) 1-d, 2-c, 3-b, 4-a

17. समूह I सँग समूह II को जोडा मिलाई सही विकल्प रोज्नुहोस् ।

| समूह I | समूह II |
|---|---|
| a) भके पर्व | i. वि.सं. 1903 |
| b) लाइब्रेरी पर्व | ii. वि.सं. 1987 |
| c) अली पर्व | iii. वि.सं. 1904 |
| d) भण्डारखाल पर्व | iv. वि.सं. 1977 |

(A) a-i, b-iv, c-ii, d-iii (B) a-i, b-ii, c-iii, d-iv (C) a-ii, b-iv, c-i, d-iii (D) a-iv, b-ii, c-iii, d-i

18. रंगभेद विरुद्धका विश्व नेता नेल्सन मण्डेलाको निधन कहिले भएको थियो ?
(A) डिसेम्बर 2, 2013 (B) डिसेम्बर 4, 2013 (C) डिसेम्बर 5, 2013 (D) डिसेम्बर 10, 2013

क्रमशः

MIRAS ACADEMY
Scanned with CamScanner

38. तल दिइएको समूह A र समूह B बीच जोडा मिलाई सही उत्तर छान्नुहोस्।

| समूह A | समूह B |
|---|---|
| a) भवानी भिक्षु | 1. गजेन्द्र मोक्ष |
| b) सिद्धिचरण श्रेष्ठ | 2. नवमञ्जरी |
| c) माधवप्रसाद घिमिरे | 3. गुनकेशरी |
| d) मोतिराम भट्ट | 4. उर्वशी |

(A) a-3, b-2, c-4, d-1 (B) a-3, b-4, c-2, d-1 (C) a-3, b-4, c-1, d-2 (D) a-1, b-4, c-2, d-3


39. अन्तर्राष्ट्रिय योग दिवस कहिले मनाइन्छ ?

(A) जनवरी 21 (B) मार्च 21 (C) जुन 21 (D) जुलाई 21

40. नेपालले विश्व स्वास्थ्य संगठन (World Health Organization) को सदस्यता कहिले लिएको हो ?

(A) सन् 1935 सेप्टेम्बर 2 (B) सन् 1935 जुन 2 (C) सन् 1953 सेप्टेम्बर 2 (D) सन् 1953 जुन 2

41. तल दिइएको निर्देशन अध्ययन गरी सो निर्देशन बमोजिम प्रश्नचिन्ह रहेको स्थानमा रहने उपयुक्त चित्र पत्ता लगाउनुहोस्।
निर्देशन: तल दिइएको बक्समा बाँयापट्टी रहेको छड्के धर्को प्रत्येक चरणमा 45 डिग्रीको कोणमा घडीको सूईको दिशातर्फ घुमाउदै लैजानुहोस्।




42. यदि पदम असोज 1 गते देखि सुरु गरी उक्त महिनाको हरेक चौथो दिन क्रिकेट अभ्यास गर्छ भने, उक्त महिनाको कुन दिन उसको अभ्यास गर्ने अन्तिम दिन हुनेछ ?

(A) 27 असोज (B) 28 असोज (C) 29 असोज (D) 30 असोज

43. 1-35 भित्रका 3 र 5 ले निःशेष भाग जाने सबै अंकहरूको औषत कति हुन्छ ?

(A) 20 (B) 21 (C) 22.5 (D) 23.25

44. यदि '÷' भनेको '-', '×' भनेको '+', '-' भनेको '÷', '+' भनेको '×' हुन्छ भने तल दिइएका समीकरणहरू मध्ये कुन समीकरण पूर्ण हुन्छ ? पत्ता लगाउनुहोस्।

(A) 30-6+5×4÷2=27 (B) 30+6-5÷4×2=30 (C) 30×6÷5-4+2=32 (D) 30÷6×5+4-2=40

45. यदि कुनै भाषाको कोडमा 'DOWN' लाई '5@9#', 'NAME' लाई '#6%3' लेखिन्छ भने 'MODE' लाई कुन कोड प्रयोग गरिन्छ ?

(A) %653 (B) %@63 (C) %5@3 (D) %@53

MIRAS ACADEMY

46. यहाँ कृत्रिम भाषाबाट अनुवाद गरिएका केही शब्दहरू दिइएका छन्। तिनीहरूको आधारमा सही उत्तर विकल्पबाट छान्नुहोस्।
hapllesh को अर्थ cloudburst
srenchoch को अर्थ pinball
resbosrench को अर्थ ninepin हो भने
"Cloud nine" भन्नाले कुन लाई जनाउँछ ?

(A) leshsrench (B) ochhapl (C) haploch (D) haplresbo

47. पचपन्न जना विद्यार्थीहरु भएको कक्षामा रोशनी अगाडीबाट चौथौं स्थानमा पर्ने रहिछन्। यदि उनको कक्षामा अरु चार जना विद्यार्थीहरू थप भर्ना भएपछि उनी अघिल्लो स्थान भन्दा तीन स्थान पछाडि परिछिन् भने, अब रोशनी पछाडीबाट कतिऔं स्थानमा पर्दछिन् होला ?

(A) 41 (B) 42 (C) 43 (D) 44



Scanned with CamScanner

27. तलको प्रश्नमा दिइएको प्रश्नवाचक चिन्ह (?) रहेको स्थानमा उपयुक्त विकल्प छनौट गर्नुहोस् ।

6 : 35 :: 7 : ?

(A) 48 (B) 42 (C) 34 (D) 13

28. प्रश्नवाचक चिन्हको ठाउँमा उपयुक्त हुने विकल्प छान्नुहोस् ।



(A) (B) (C) (D)

29. तल दिइएका अंकहरूलाई संख्यात्मक क्रममा फाइलिङ गर्दा underlined गरिएको अंक कुन स्थानमा पर्दछ ? पत्ता लगाउनुहोस् ।

7.215, 72.15, 721.5 and 7.251

(A) First (B) Second (C) Third (D) Fourth

30. तलका नामहरूलाई वर्णानुक्रम अनुसार राख्दा कुन चाहि सही हुन्छ ?

1. अनुक्रम 2. सिताराम 3. अनायस 4. जगत 5. थानबहादुर 6. इन्द्रमाया

(A) 1,3,5,4,6,2 (B) 3,1,5,6,4,2 (C) 3,1,4,5,6,2 (D) 3,1,6,4,5,2

31. राष्ट्र संघ (League of Nations) को स्थापना कहिले भयो ?

(A) सन् 1917 (B) सन् 1918 (C) सन् 1919 (D) सन् 1920

32. औद्योगिक क्रान्तिको क्रममा भएका तलका आविष्कार र आविष्कारकबीच जोडा मिलाउनुहोस् ।

| आविष्कार | आविष्कारक |
|---|---|
| i) पावरलुम | a. जेम्सवाट |
| ii) स्टिम ईञ्जिन | b. एडमण्ड कार्ट रहिड |
| iii) वाफबाट चल्ने रेल ईञ्जिन | c. हम्फ्री डेभि |
| iv) सेफ्टिल्याम्प | d. जर्ज स्टिफेन्सन |

(A) i-b, ii-a, iii-d, iv-c (B) i-d, ii-c, iii-b, iv-a (C) i-b, ii-d, iii-a, iv-c (D) i-d, ii-a, iii-b, iv-c

33. देहायका मध्ये कुन हक नेपालको संविधानको भाग 3 मा उल्लेख गरिएका मौलिक हकहरू अन्तर्गत पर्दैन ?

(A) स्वच्छ वातावरणको हक (B) खाद्य सम्बन्धी हक (C) समावेशीताको हक (D) सामाजिक न्यायको हक

34. जोडा मिलाउनुहोस् ।

| समूह क | समूह ख |
|---|---|
| 1) वसन्तपञ्चमी | a. सीता |
| 2) वैदेही | b. सरस्वती |
| 3) ऐरावत हात्ती | c. मुसो |
| 4) गणेश | d. इन्द्र |

(A) 1-b, 2-a, 3-d, 4-c (B) 1-a, 2-c, 3-b, 4-d (C) 1-a, 2-b, 3-d, 4-c (D) 1-d, 2-c, 3-a, 4-b

35. सोहौं आवधिक योजनाको अन्त्यसम्म नेपालको प्रतिव्यक्ति आय कति अमेरिकी डलर पुऱ्याउने लक्ष्य राखिएको छ ?

(A) 1456 (B) 2150 (C) 2351 (D) 2525

36. आर्थिक सर्वेक्षण, 2081/82 अनुसार वैदेशिक रोजगारीका लागि संस्थागत रुपमा खुला गरिएका मुलुकको संख्या कति रहेको छ ?

(A) 105 (B) 111 (C) 160 (D) 178

37. नेपालको संविधानको सम्बन्धमा देहायका मध्येबाट ठीक उत्तर छान्नुहोस् ?

I. नेपालको संविधानमा 31 वटा मौलिक हकहरू रहेका छन् ।

II. नेपालको संविधानमा 9 वटा अनुसूचीहरू रहेका छन् ।

III. नेपालको संविधानको धारा 48 मा नागरिकका 4 वटा कर्तव्य हुने प्रावधान रहेको छ ।

(A) I मात्र ठीक (B) I र II ठीक (C) I, II र III तीनवटै ठीक (D) II र III ठीक

क्रमश:

MIRAS ACADEMY

Scanned with CamScanner

19. लिच्छवीकालमा गाउँको सानातिना मुद्दा मिलाउने निकायलाई के भनिन्थ्यो ?

(A) महाप्रतिहार (B) पाञ्चाली (C) सामन्त (D) महासामन्त

20. वि.सं. 2062/63 को जनआन्दोलन कति दिन सम्म चलेको थियो ?

(A) 15 दिन (B) 17 दिन (C) 19 दिन (D) 21 दिन

21. दिइएका सूचनाहरूको अध्ययन गर्नुहोस्।

| मूल सूची (त्रुटी रहित सूची) |
|---|
| Hetauda Kapada Udyog Ltd Hetauda, Bagmati Province, Nepal Hetauda Industrial Area |

माथि उल्लेखित सूचनालाई रुजु गर्नुपर्ने सूचीलाई तीन महलहरूमा प्रस्तुत गरिएको छ।

| Column I | Column II | Column III |
|---|---|---|
| Hetauda Kapada Udyog Pvt. Ltd | Bagmati Province, Nepal | Hetauda Industrial District |

रुजु गर्नुपर्ने सूचीमा दिइएका सूचनाहरूलाई मूल सूचीमा दिइएका सूचनाहरूसँग तुलना गरी दिइएका मध्ये सही विकल्प छान्नुहोस्।

(A) कुनैपनि महलमा त्रुटी छैन (B) एउटा महलमा त्रुटी रहेको छ

(C) दुईवटा महलहरूमा त्रुटी रहेका छन्। (D) तीनैवटा महलहरूमा त्रुटी रहेका छन्

22. मूल प्रतिः

नेपालले जलवायु परिवर्तन लगायतका विभिन्न ठाउँमा देखा परिरहेका समस्या समाधान गर्नलाई कूटनीतिक ढङ्गबाट सांसदले खेल्ने भूमिका खेल्नुपर्नेछ। नन एलाइमेण्ट मोमेण्टमा पनि नेपालको तर्फबाट सहभागिता जनाएको छ र अहिले देखा परेका चुनौती, जलवायु परिवर्तनले पारिरहेको प्रभाव र नेपाल तथा नेपालजस्ता मुलुकहरूमा तत्काल परेका असरहरूलाई न्यूनीकरण गर्ने लगायतका विषयमा छलफल हुनुपर्नेछ।


उतार प्रतिः

नेपालले जलवायु परिवर्तन लगायतका विभिन्न ठाउँमा देखा परिरहेका समस्या समाधान गर्नलाई कूटनीतिक ढङ्गबाट सांसदले खेल्ने भूमिका खेल्नुपर्नेछ। नन एलाइमेण्ट मोमेण्मा पनि नेपालको तर्फबाट सहभागिता जनाएको छ र अहिले देखा परेका चुनौती, जलवायु परिवर्तनले पारिरहेको प्रभाव र नेपाल तथा नेपालजस्ता मुलुकहरूमा तत्काल परेका असरहरूलाई न्यूनीकरण गर्ने लगायतका विषयमा छलफल हुनुर्पनेछ।

माथिका हरफहरू पढी उतार प्रतिमा कति ठाँउमा त्रुटी भएको छ, पत्ता लगाउनुहोस्।

(A) 1 (B) 2 (C) 3 (D) 4

23. तल दिइएको क्रम/श्रेणीमा प्रश्नचिन्ह (?) राखिएको स्थानमा कुन विकल्प आउछ ?




(A) (B) (C) (D)


MIRAS ACADEMY

24. तल दिइएको क्रमांकमा प्रश्नवाचक चिन्ह (?) को ठाउँमा के हुन्छ? पत्ता लगाउनुहोस्।

BEH, EID, ?, KUV

(A) HOZ (B) IOV (C) VOP (D) GOY

25. तल दिइएका विकल्पहरूबाट नमिल्ने विकल्प छनौट गर्नुहोस्।



(A) (B) (C) (D)


26. तल दिइएका विकल्पहरूबाट नमिल्ने विकल्प छनौट गर्नुहोस्।

(A) PNLJ (B) VTRP (C) JHFD (D) TQOM



CS Scanned with CamScanner

48. दिइएको चित्रमा त्रिभुजहरूको संख्या पत्ता लगाउनुहोस्।



(A) 18 (B) 20 (C) 24 (D) 27

49. उत्तर तर्फ फर्कीरहेको एकजना केटी 180° घडिको सुईको विपरित दिशा घुम्दछिन् र फेरि घडिको सुईको दिशामा 225° घुम्दछिन् भने अहिले उनी कतातर्फ फर्कीरहेकी होलिन् ? पत्ता लगाउनुहोस्।

(A) उत्तर-पश्चिम (B) उत्तर-पूर्व (C) दक्षिण-पश्चिम (D) पश्चिम

50. निम्न प्रश्न दिइएको जानकारीमा आधारित छ।

P, Q, R, S, T र U दुई पंक्तिमा उत्तर र दक्षिण फर्केर बगैंचामा उभिएका छ वटा आँपका रुखहरूको नाम हुन्।

रुख Q उत्तरतिर फर्केको छ र S सँग जोडिएको छैन।

रुख S र U एकअर्कातिर विकर्ण रुपमा फर्किएका छन्।

U र R दक्षिणतिर फर्किएका छन्, जबकि T र R क्रमशः उत्तर र दक्षिणतिर फर्किएका छन्।

निम्न मध्ये कुन संयोजनले दक्षिणतिर फर्केका रुखहरु देखाउँछ ?

(A) QTS (B) UPT (C) URP (D) QSR

«««The End»»»

| |
|---|
| उत्तरपुस्तिकामा प्रश्नपत्रको Key अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ। Key उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ। |

MIRAS ACADEMY